# आफ्नो मतलाई गणना योग्य कसरी बनाउने?

तपाईंले निर्वाचनको समयमा दुईवटा मतपत्र प्राप्त गर्नुहुनेछः प्रतिनिधिसभा (House of Representatives) को लागि **हरियो रंगको** र विधानसभा (Senate) को लागि **सेतो रंगको**।

## प्रतिनिधिसभा

**हरियो रंगको मतपत्रमा** तपाईंको पहिलो रोजाईको उम्मेदवारको छेउको बाकसभित्र '1', दोस्रो रोजाईको उम्मेदवारको छेउको बाकसभित्र '2' राख्नुपर्नेछ र यसैगरि अन्त्य सम्मका सबै बाकसहरूभित्र नम्बर भर्नुपर्नेछ।

तपाईंको मत सदर हुनका लागि तपाईंले **सबै बाकसहरुमा** क्रमसंख्या भर्न अनिवार्य छ।




नमूना मतपत्र

## विधानसभा

तपाईंले **सेतो रंगको मतपत्रमा** मतदान गर्न रेखाको माथि वा तल कुनै पनि छान्न सकिन्छ।




### यदि रेखाको माथि गरेमा

यदि तपाईंले रेखाको माथि मतदान गर्नु भयो भने **कम्तिमा 6 वटा बाकसहरुमा** 1 देखि 6 सम्म क्रमसंख्या भर्नुपर्नेछ।

मतपत्रमा आफ्नो पहिलो रोजाईको पार्टी वा समुहको छेउको बाकसभित्र '1', दोस्रो रोजाईको पार्टी वा समुहको छेउको बाकसभित्र '2' राख्नुहोस् र यसैगरि कम्तिमा 6 वटा बाकसहरु भर्नुहोस्। रेखाको माथि मतदान गर्दा तपाईंले चाहेजति बाकसहरुमा क्रमसंख्या भर्न सक्नुहुनेछ।




नमूना मत पत्रहरु

### वा रेखाको तल गरेमा

यदि तपाईंले रेखाको तल मतदान गर्नु भयो भने **कम्तिमा 12 वटा बाकसहरुमा** 1 देखि 12 सम्म क्रमसंख्या भर्नुपर्नेछ।

मतपत्रमा आफ्नो पहिलो रोजाईको उम्मेदवारको छेउको बाकसभित्र '1', दोस्रो रोजाईको उम्मेदवारको छेउको बाकसभित्र '2' राख्नुहोस् र कम्तिमा 12 वटा बाकसहरु सम्म भर्नुहोस्। रेखाको तल मतदान गर्दा तपाईंले चाहेजति बाकसहरुमा क्रमसंख्या भर्न सक्नुहुनेछ।

**मतदान गर्दा गल्ती भएमा नआत्तिनुहोस्।**
तपाईंले अर्को मतपत्र मागेर फेरि शुरु गर्न सक्नुहुनेछ।




निर्वाचन आयुक्तबाट जारी गर्न अधिकार प्राप्त, क्यानबेरा | Authorised by the Electoral Commissioner, Canberra